

# त्यहाँ एउटा उपाय छ

## मलेशियामा थुनामा रहेका आप्रवासी श्रमिकहरूमाथिको ज्यादती बन्द गर

एम्नेस्टी
इन्टरनेसनल




*'म विगत १0 महिनादेखि यहाँ छु र यहाँको बसाई ज्यादै कष्टकर भएको छ ।'यहाँ ज्यादै कम मात्र खाद्यान्न छ ... । त्यहाँ तरकारी छैन र फलफूल तथा  खाद्यान्न ज्यादै न्यून छ । मलाई ग्यास्टिकको समश्या छ । किनकि म सधै भोकै बस्ने गरेको छु । त्यहाँ लामखुटटे पनि  छन्, जसले मलाई यति धेरै टोक्छ कि मेरो छालामा एलर्जी भएको छ र म विरामी पनि छु । '*

घुलुम ,एकजना ३३ वर्षिय बंगलादेशी पुरूष जो लेन्गेन हिरासत केन्द्रमा रहेका छन् जुलाई २००१ मा ।

हजारौं आप्रवासी श्रमिक ,आश्रय –खोजिकर्ता र शरणार्थीहरु नियमित रुपमा गिरफ्तारीमा पर्ने गरेका छन् र मलेशियाभरी अत्यधिक भीडभाड भएको स्थानमा राखिने गरेको छ । धेरैलाई वकिलको पहुँचविना महिनौं सम्म राख्ने गरिएको छ र उनीहरुलाई हिरासतमा राखिएको बारेमा पुनरावेदन गर्न सक्ने अवस्था पनि छैन । यस्ता केन्द्रहरुमा उपयुक्त स्वास्थ्य केन्द्रको अभाव रहेको छ । साथै पर्याप्त खाद्यान्न र सफा पिउने पानीको पनि अभाव रहेको छ । १८ वर्ष मुनिका केटाकेटीलाई थुन्ने गरिएकोमा उनीहरु बयस्क हुने र उनीहरुलाई स्टाफले यौन दुर्व्यवहार गर्ने क्रम पनि छ । हिरासतगृहको कमजोर अवस्थाले गम्भीर प्रकृतिका समश्या उत्पन्न हुने गरेका छन् ।

धेरैजसो हिरासतमा लिइएकाहरु दक्षिण र दक्षिणपूर्वी एशियाबाट प्रतिनिधित्व गर्दछन् । जस्तो म्यान्मार,भारत,श्रीलंका,बंगलादेश,इण्डोनेसिया ,फिलिपिन्स र भियतनाम लगायतका देशका कमीस पनि हिरासतमा रहेका छन् । सानो संख्याका मानिसहरु अफ्रिका र ल्याटिन अमेरिकाबाट गएका पनि छन् । उनीहरुको प्रस्थान सम्बन्धी प्रक्रिया जेसुकै होस् मलेशियामा पुगेका कामदारहरु काम वा आश्रयको खोजीमा रहेका हुन्छन् । त्यहाँ १३ वटा हिरासतगृह वा फिर्ता पठाउने केन्द्र  रहेका छन् । ती केन्द्रको संयुक्त क्षमता १३ हजार रहेको छ । यद्यपि गृहमन्त्रालयका अनुसार ती केन्द्रमा अझै धेरै मानिस पनि राखिएका हुन्छन् । जुलाई २००९मा एम्नेस्टी इन्टरनेसनललाई राजधानी क्वालालम्पुर नजिकैका तीन वटा हिरासतगृहमा अभूतपूर्वरुपमा पहुँच दिइएको थियो । यसरी भ्रमण गरिएका हिरासतगृहमा क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थल(केएलआइए),अध्यागमन डिपोट,लेनगेङ्ग अध्यागमन डिपोट र सेमेनिया अध्यागमन डिपोट रहेका थिए । केन्द्रमा भ्रमण गरिएको समयमा एम्नेस्टी इन्टरनेसनलले हिरासतगृहमा केही मानिसलाई अन्तर्वार्ता लिएको थियो ।र,हिरासतगृहको निन्दनीय अवस्थाको बारेमा आफैले अनुगमन र अनुभव गरेको थियो ।

## आप्रवासीका लागि फराकिलो सन्दर्भ

मलेशियाले लगभग २२ लाख नियमित आप्रवासीलाई प्रवेशमा अनुमति दिएको छ । उनीहरुलाई सो देशमा काम गर्न र बस्न पनि दिइएको छ । उनीहरुले कार्यालयको लगभग २० प्रतिशत काम गरेका छन् । साथै लगभग त्यति नै संख्याका आप्रवासीहरु अनियमित रहेका छन् । उनीहरुलाई सो देशमा बस्ने र काम गर्ने अनुमति छैन । कूल मिलाएर मलेशियामा  एक तिहाई श्रमशक्ति रहेको छ । अक्सर जो एक ठाउँबाट अर्को स्थानमा जान चाहन्छन् उनीहरुले रोजगारी सम्बन्धी एजेन्टलाई ठूलो परिणामको रकम बुझाउँछन् । त्यस्तै भीसा प्राप्ति,यात्राका कागजात र मलेशियामा कामको लागि समेत रकम बुझाउनु पर्दछ । उनीहरु आफ्ना साथी र परिवारको लागि महत्वपूर्ण रोजगारी तथा ज्यालाकालागि पर्खेर बसिरहेका हुन्छन् ।  तर, मलेशियामा धेरैले रोजगारदाता सम्बन्धी एजेन्टले भनेका कुरा आफनो नयाँ रोजगारीको सम्बन्धमा असत्य पाएका छन् । पाउने  रकम, रोजगारदाता र ग कार्यबारे पनि ती एजेन्टले भनेका कुरा असत्य पाइन्छन् ।  केही एजेन्टहरुले गरेको प्रतिज्ञाअनुसारको रोजगारी नै नभएको अवस्था पनि विद्यमान छ ।

शरिफसँग सम्बन्धित यो  एउटा घटना हो । उनले काम

**मलेशियाको श्रम शक्तिमा आप्रवासी कामदार करिब एक तिहाई रहेको अभिलेख ५ ।**

खोजीमा बंगलादेश छोडेका थिए । मलेशिया जानकालागि उनले एउटा रोजगारदाता कम्पनीलाई पैसा तिरेका थिए । उनी त्यहाँ गएपछि रोजगारदाता कम्पनीले उनको पासपो लियो र उनी समेतका अन्य ६० जनालाई पर्याप्त खाना बिना नै एक हप्ता सम्म राख्यो । त्यसपछि उनलाई सो स्थान छोड्न भनियो । पासपोर्ट फिर्ता लिनकालागि उनले पैसा तिर्नुपर्ने भनियो र रोजगारी उनी आफैले खोज्नुपर्ने भनियो । एक वर्षपछि सरिफ गिरफ्तार गरिए । कारण के थियो भने उनी काम गर्ने कम्पनीले रोजगार अनुमति पाएको थिएन । उनलाई लेन्गेन हिरासत केन्द्रमा  राखियो जुन मलेशियाको सबैभन्दा खराब मध्येको एक हिरासत



छुटेको छ
‘????।?????। ’

??????

केन्द्र हो । उनको यो कथा १० महिना भन्दा बढी समय सम्म यथावत रह्यो ।

सरिफको कथा असामान्य होइन । धेरै आप्रवासीहरुले मलेशियामा काम गर्नकालागि कानूनी अनुमति पूरा गरेका हुन्छन् । तथापि उनीहरुले बैधानिकता गुमाउँछन् । किनकि यसमा उनीहरुको आफ्नै  दोष रहदैन । उदाहरणकालागि उनीहरुका रोजगारदाता र एजेन्टहरुले वर्क पर्मिट नवीकरण गर्दैनन् । अथवा उनीहरुले नक्कली अनुमति लिएका हुन्छन् । कानूनी बैधता विना अनियमित कामदारलाई पक्राउ गरिन सक्छ र उनीहरुलाई अध्यागमनको हिरासतमा राख्न सकिन्छ । परिणामस्वरुप उनीहरुको अवस्था नाजुक हुन्छ ।उनीहरुलाई रोजगारदाता र प्रहरीव्दारा शोषणको अवस्था उत्पन्न हुन्छ ।

मलेशियाले आप्रवासी श्रमिकको हकहितको संरक्षण गर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय मापदण्डहरु पूरा गरेको छैन । यसमा सबै आप्रवासी श्रमिक र उनीहरुका परिवारको  अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी(आप्रवासी श्रमिक सम्बन्धी अभिसन्धी) पनि पर्दछ ।सजिलैसँग मलेशियामा आप्रवासी कामदारको अधिकार कसरी उल्लंघन भएको छ भन्ने कुराको एउटा कारण यो पनि हो ।




**माथि बीचमा** : *मलेशियामा अनियमित आप्रवासी श्रमिकहरु अध्यागमन कानून उल्लंघनको आरोपमा अधिक र गंभीर फौजदारी सजायको भागिदार बन्दछन् । उनीहरुलाई कोर्रा लगाउने र हिरासतमा लिने सम्मका काम गरिन्छ ।*

**माथि** : *मलेशियाको पहाङ्ग राज्यको क्यामरुन हाइल्यान्ड्स्को खेतमा काम गर्न जाँदै आप्रवासी श्रमिक महिलाहरु ।*

## शरणार्थी र आश्रय-खोजीकर्ता

मलेशिया सरकारव्दारा अनियमित भनिएका मानिसहरु करिब ९०,००० रहेका छन् । ती मध्ये कतिपय शरणार्थी र कतिपय आश्रय–खोजीकर्ता रहेका छन् ,जसलाई आफ्नो देशमा विभेदको शिकार बनाइएको थियो र उनीहरु आश्रयको खोजीमा मलेशिया गएका हुन् ।

मलेशयाले सन् १९५१को शरणार्थी सम्बन्धी राष्ट्रसंघीय अभिसन्धी वा त्यसको प्रोटोकलमा हस्ताक्षर गरेको छैन । साथै मलेशियाले शरणार्थीको रुपमा कसैलाई मान्यता पनि दिदैन । यसको परिणामस्वरुप मलेशियामा आश्रय लिनेकालागि काम गर्ने प्रणाली पनि सञ्चालनमा छैन । शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायोग(युएनएचसीआर)ले शरणार्थीको निर्धारणको जिम्बेवारी लिदै आएको छ । युएनएचसिआरव्दारा दर्ता गरिएका र पहिचान गरिएकाहरुको हकमा पनि मलेशिया सरकारले उनीहरुको संरक्षण गर्दैन । उनीहरुलाई गैह्रन्यायीक हत्या,जेल ,हिरासतमा लिने र मानवअधिकारका हिसाबले खतराजन्य स्थान जहाँबाट आएका हुन् त्यहीं फर्काउने संभावना पनि हुन्छ । यद्यपि मलेशियाले शरणार्थी सम्बन्धी राष्ट्रसंघीय अभिसन्धीको अनुमोदन गरेको छैन । यो अझैपनि भन्सार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनव्दारा अनुबन्धित रहेको छ । यसले जहाँ यातना र गम्भीर प्रकृतिका मानवअधिकारको हिसाबले अप्ठेरो अवस्था रहेको छ त्यहाँ मानिसहरुलाई जबर्जस्ती फिर्ता गर्नु हुदैन भन्ने कुरालाई निर्देशित गरेको छ ।

## अनिताको कथा

‘एजेन्टले मलाई यहाँ ल्यायो र विभिन्न घरमा काम गर्न लगायो अनि मलाई त्यस वापतको पैसा भने दिएन ।यद्यपि उसले आफ्नैलागि मालिकबाट रकम असुल्ने काम भने गरिरहयो’ भारतबाट घरेलु कामदारका रुपमा २००७ मा मलेशिया आएकी ४० वर्षिया अनिताले भनिन् –‘म अध्यागमनको कार्यालयमा एजेन्टका बारेमा रिपोर्ट गर्न गएँ । तर, म स्वयं समातिएँ । मलाई ४ महिना कान्जाङ्ग महिला जेलमा हालियो । र, अहिले झण्डै एक वर्षभन्दा बढी समयदेखि लेन्ग्रेनमा रहेकी छु । म सँग फर्कने हवाई टिकटकालागि समेत पैसा छैन ।’




© Amnesty International

## अनियममित आप्रवासलाई आपराधीकरण गर्ने कार्य

मलेशिया सरकारले अनियमित श्रमिकलाई आपराधिक कार्य अन्तर्गत कडाईका साथ कारवाही गरिने बताउँदै आएको छ । उपयुक्त कागजात विना नै कुनै देशमा प्रवेश गर्ने र बस्ने तथा नक्कली कागजात पेश गर्ने कार्यलाई आपराधिक कार्य मानिन्छ ।यी कार्यकालागि अक्सर गम्भीर र अत्यधिक सजाय जसमा ठूलो परिणामको जरिवाना,५ वर्ष सम्म जेल वा कोर्रा लगाउने कार्य हुन सक्छ । कोर्रा लगाउने कार्यले यातना र अन्य दूर्व्यवहार विरुद्धको अन्तर्राष्ट्रिय निषेधको उल्लंघन गर्दछ ।

रोजगारदाता र एजेन्टका गल्तिका कारण भन्ने जान्दा जान्दै पनि आप्रवासीहरुले यी सजायको भागीदार बन्नु पर्दछ । भनिन्छ –वितरण गर्न असफल भएको वा भीसा नवीकरण नभएको भन्ने गरिन्छ । हिरासतमा लिइएका धेरैजसो मानिसहरु नागरिक प्रहरी बल भोलन्टियर समूह (जसलाई रेला पनि भनिन्छ)ले छापा मारेर पक्राऊ गरेका मानिस हुन् । जब उनीहरुले असली कागजात देखाउन सकेनन् तब उनीहरु गिरफ्तारीमा परे ।केही उनीहरुको घरमा गिरफतारमा परे ।अन्य देश छोड्न लाग्दा विमास्थलमा पक्राऊ परे । कतिपय काम गर्ने स्थानमा नै गिरफ्तारीमा परे । कतिपय बाटोमा वा कतिपय रोजगारदाता र एजेन्टहरुव्दारा अधिकारीहरु समक्ष गलत व्यवहारको बारेमा उजुरी गरेको आधारमा पक्राऊ गरिएका छन् । एक पटक हिरासतमा लगिएपछि विशेष अध्यागमन अदालतमा मेजिस्ट्रेटका सामु लगिनु अघि अध्यागमन सम्बन्धी गल्तिका कारण उनीहरुलाई प्रारम्भीक परिक्षणको लागि १४ दिन सम्म हिरासतमा राख्ने गरिएको छ । यी सुनवाईहरु अक्सर निस्पक्षतामा आधारित हुदैनन् र श्रमिकहरुले अपील कसरी गर्ने भन्ने कुरा पनि बुझेका हुँदैनन् ।धेरैलाई कोर्रा लगाउँदै थुनामा राखिन्छ ।

श्रमिकहरु त्यसपछि अध्यागमन हिरासतमा मलेशिया सरकारले उनीहरुलाई फिर्ता नपठाएसम्म वा श्रमिकले आफनो देश जाने खर्च नजुटाएसम्म त्यही बस्न बाध्य हुन्छन् । श्रमिकलाई अनिश्चितकालसम्म हिरासतमा राख्न सकिन्छ र उनीहरुलाई हिरासतमा राख्ने समयसीमा कतैपनि तोकिएको छैन ।

## फोहोरी अवस्थामा हिरासत

एम्नेस्टी इन्टरनेसनलले भ्रमण गरेका हिरासतगृह अधिक रुपमा नाजुक र खतरनाक तथा भीडयुक्त भेटिए ।




लेन्गेङ्ग हिरासत केन्द्रका मानिस साँगुरो स्थानमा रहेका थिए । पुरुषहरु ४ वटा सेल ब्लकमा रहेका थिए ।ती प्रत्येकमा करिब ३०० मानिसलाई हिरासतमा राखिएको थियो ।महिलाहरुलाई छुट्टै राखिएको थियो ।उनीहरुलाई दोस्रो तलामा राखिएको थियो । बच्चा सहितका महिलाहरुलाई छुट्टै पिंजरा जस्तो स्थानमा राखिएको थियो । ती भागहरु आफैमा खुला रहेका थिए । त्यो स्थान विभिन्न तारहरुद्वारा घेरिएको थियो ।र, त्यहाँ ठूलो गन्ध आइरहेको थियो ।सोमेनिया वा केएलआइए अध्यागमन थोरै राम्रा थिए । त्यहाँ केटाकेटीले कुनै गतिविधि गर्न सक्ने अवस्था छैन ।

एम्नेस्टी इन्टरनेसनलले किशोरकिशोरीहरुसँग कुरा गर्‍यो । उनीहरुलाई अन्य बयस्क व्यक्ति सरह हिरासतमा राखिएको थियो ।जसमा म्यान्मारका एक १५ वर्षिय किशोर पनि थिए उनी केएलआइएमा विगत ६ महिनादेखि हिरासतमा रहेका थिए । अन्तर्राष्ट्रिय कानूनले हिरासतगृहमा राखिएका बालबालिकालाई बयस्कभन्दा टाढा नै राख्नुपर्ने व्यवस्था गरेको छ । सामान्यरुपमा केटाकेटीलाई अन्तिम विकल्पकारुपमा छोटो समयकालागि हिरासतमा राखिनुपर्दछ ।

तीन वटै हिरासतमा रहेकाहरु अत्यन्त अप्ठेरो अवस्थामा बस्न विवश रहेका छन् । उनीहरुको गोप्यता भन्ने हुदैन र ओढ्नकालागि ब्लांकेट तथा सिरक केही पनि हुँदैन ।

लेन्गेनमा रहेका अर्नेष्टो नामका फिलिपिनो भन्छन् –'हरेक राति हामी सिमेन्टमा सुत्छौं । हाम्रालागि ब्लांकेट पनि छैन र सिरकपनि छैन । अन्य केही मानिसले पनि भने– 'काठको भुईमा किराहरुपनि हुन्छन् ।'लेन्गेनमा हिरासतमा रहेका एक व्यक्तीको भनाई छ –'मेरो शरीर भरी घाउहरु छन् । त्यस्तै भुइमा रगत चुस्ने किराहरु पनि छन् जहाँ हामी सुत्छौं ।'

हिरासतमा रहेकाहरुले भने कि निजी आहारव्यहारको सन्तुलन मिलाउन कठिन रहेको छ । शौचालय र बाथरुमको सुविद्या राम्रो छैन र टुथब्रस,टूथपेष्ट र साबुन सजिलै पाउन सकिदैन । धुनकोलागि साबुन कर्मचारीहरुसँग किन्नुपर्दछ ।

'अवस्था एकदमै नाजुक रहेको छ ',बंगलादेशका एक पुरुष भन्छन्–'पिउने पानी फोहर छ ।त्यहाँ पानीमा विभिन्न तत्व मिसिएको देखिन्छ र त्यही पानीमा कपडा धुने गरिएको छ । शौचालयहरु पनि ज्यादै खराब हालतमा रहेका छन् र ती धेरै समयदेखि जाममा परेका छन् । महिलाहरुलाई एउटा मात्रै तौलिया दिने गरिएको छ र चाहिएमा उनीहरुले किन्नुपर्ने अवस्था छ ।

**माथि बायाँ** : *श्रमिकहरुलाई जुलाई २००९मा अध्यागमन र रेलाका एजेन्ट मध्य क्वालालम्पुरमा घेराउ गर्दै ।*

**माथि दायाँ** : *सेमेनिया अध्यागमन डिपोट्मा महिला श्रमिकहरुलाई स्थानान्तरण गरिएपछि हिरासतमा रहेका व्यक्तिका रुपमा दर्ता गरिन्छ ।*

कैयौं हिरासतमा रहेका मानिसहरुले विभिन्न समूह र राष्ट्रियताका मानिसलाई एकै स्थानमा राख्दा तनाव उत्पन्न हुने गरेको छ । यसले कुटाकुटको अवस्था पनि सिर्जना गर्ने गरेको छ ।बढ्दो निराशा र तनावका कारण पनि यी गतिविधि भइरहेका छन् । किनकि यहाँ अन्य बाहय काम छैनन् र भएका पनि ज्यादै सिमित छन् ।

मलेसियाको हिरासतगृहको अवस्थाले आधारभूत मानवअधिकारको मापदण्डलाई भेट्न सक्दैन । जस्तो कि बन्दीको उपचार र जेल वा हिरासतमा रहेका सबै व्यक्तीको संरक्षण सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्त र न्यूनतम मापदण्ड पूरा गरिएको छैन ।

*मेरो शरीरभरी घाउहरू छन् । र,त्यहाँ रगत चुस्ने किरा काठ (भुइँ) मा छन् । जहाँ हामी सुत्छौ ।*

लेन्गेन हिरासत केन्द्रमा एक पुरूष




## सधै भोकाउने, सधैं तिर्खाउने

पर्याप्त खाद्यान्न र सफा पिउने पानीको अभावका कारण लेन्गेन हिरासत केन्दमा गम्भीर चासो उत्पन्न गराएको छ । एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका सबै हिरासतमा रहेकाहरुले खाद्यान्नको कमजोर गुणस्तर र निम्न परिणामको बारेमा गुनासो गरेका छन् । लेन्गेन हिरासत केन्द्रमा ब्रेकफास्टका रुपमा कालो चिया र एउटा रोटीको टुक्रा दिइन्छ । लन्च र डिनरको लागि थोरै भात र तारेको माछा दिने गरिएको छ । हिरासतमा रहेकाहरुले कहिल्यैपनि फलफूल वा तरकारी पाउँदैनन् । यस्तै खालका अपर्याप्त र सडेका खाद्यान्न केएलआइए र सेमेनिया दुवै हिरासत केन्द्रमा दिइन्छ । जिम्बाबेकी एक महिलाले जनाएअनुसार केएलाआइए अध्यागमन केन्द्रमा हिरासतमा रहेकाहरुकालागि बाँडिने खानेकुरा अक्सर बिग्रेको हुन्छ । सफा पिउने पानीमा पहुँच दैनिकरुपमा परीक्षणको विषय हुने गरेको छ । एम्नेस्टी इन्टरनेसनलव्दारा अन्तर्वार्ता लिइएका तीन वटै हिरासतगृहका मानिसले के गुनासो गरे भने पिउने पानी खराब थियो र त्यसैले उनीहरुलाई विरामी बनायो । समेनियाको महिला भ्रातृ संगठन समिमका एक प्रतिनिधीले भने–'हामी कहाँ फोहोर पानी छ । यो पानीका कारण म झाडापखालाबाट विरामी परे ।उनीहरुले हाम्रो परिवार वा स्थानीय चिकित्सक सँग सम्पर्क गर्न मानेनन् । हामीलाई उनीहरु यहीं राख्न चाहन्छन् । मलाई तीन पटक झाडापखाला भइसकेको छ । हामीले धुन प्रयोग गर्ने पानी पनि सफा छैन । '

## उपचार नभई रहिरहन्छ विराम

भीडभाड र कमजोर अवस्थाका कारण हिरासतमा रहेकाहरुमा विराम सामान्य कुरा हो ।ती अन्तर्वार्तामा जनाईअनुसार चिकित्सक र स्वास्थ्य सेवामा पहुँच ज्यादै कम रहेको छ । धेरैले भनेका छन् कि अधिकारीहरुले विरामीको उपचार गर्न अस्वीकार गर्ने गरेका छन् । केएलआइए अध्यागमन डिपोटमा हिरासतमा रहेका एक पुरुषले बताएअनुसार एक जना लाइबेरियाका त्यस्तो व्यक्तीको कुरा गरे जसको मृत्यु सम्बद्ध अधिकारीले उपचार गर्न जान नदिएर भयो ।अन्यले भनेकी केही घटनामा निकै सिकिस्त भइसकेपछि व्यक्तिगत रुपमा चिकित्सकलाई भेटाउन लगिन्छ ।'अधिकारीहरुले हामीलाई कुनै विरामी पर्दा पनि औषधी दिदैनन् 'लेन्गेनका एक पुरुषले भने – 'धेरैले अधिकांश समय खोकिरहेका हुन्छन् र उनीहरुले सुस्तता महसूस गरिरहेका हुन्छन् ।'

मलेशियाको मानवअधिकार समूह सुआरामले जनाएअनुसार सन् २००९मा गम्भीर खालको ब्याक्टेरियाको संक्रमणबाट हुने रोग लेप्टोस्पिरोसीसबाट कम्तिमा पनि १० जनाको हिरासतमा मृत्यु भएको अभिलेख छ । खासगरी लामो समय सम्मको हिरासतले मानसिक रुपमा समेत अप्ठेरो पार्दछ ।उज्वेकिस्तानका हिरासतमा लिइएका एक व्यक्ती जो ११ महिना सम्म त्यहाँ राखिएका थिए उनले भने–'ती मान्छे जो हामीलाई हिरासतमा राख्न चाहन्छन् । हिजो म एकदमै रिसाएको थिए । मैलै १५ जना मान्छेको ट्याब्लेट खाएँ । कोही पनि त्यहाँ आएन र कसैले पनि चासो दिएन ।'

## हिरासतमा दुर्व्यवहार

कैयौं मानिसहरु हिरासत गृहका स्टाफव्दारा दुर्व्यवहार गरिए ।'मलाई केएलआइए विमानस्थलमा हिर्काइयो ',एक जना महिलाले भनिन् –'सेम्पोको बारेमा मैले उजुरी गरेपछि मलाई उसले हातले हिर्कायो ।मेरो हात बाँध्यो र मलाई थुन्ने ठाउँमा लग्यो ।उसले मेरो कपाल तान्यो ।मैले ४ दिन थुनामा बिताउनु पर्‍यो ।हिरासतमा रहेका थुप्रै व्यक्तीहरु त्यहाँका स्टाफव्दारा धेरै पटक कुटिएको र दुर्व्यवहार गरिएको घटनाका साक्षी भएका छन् । गार्डव्दारा हिरासतमा लिइएका महिलाहरुलाई यौनजन्य दुर्व्यवहारका घटना पनि रिपोर्ट भएका छन् । 'केएलआईएमा अध्यागमनका केही व्यक्तीले बालिकाहरुको छाति र नितम्बमा हात लगाउने काम समेत गरेका छन् । उनीहरुले बालिकालाई




*'यहाँको जीवन निकै कठिन छ । पानीको वितरण अक्सर र ोकिन्छ । र, खानेकुरा पनि खर ाब छ । यदि हामी विरामी भयौ भने हामीले चिकित्सकको पहुँच पनि पाउँदैनौ ।'*

३० वर्षिय बंगलादेशी पुरूष महमूद जो फेब्रुवरी २००१मा मलेशिया आइपुगेकोमा अहिले लेन्गेन हिरासत केन्द्रमा रहेका छन् ।

**माथि बायाँ** : *केएलआइए अध्यागमन डिपोट् यति धेरै भीडयुक्त छ कि हिरासतमा रहेका थुनुवाहरुले कहिलेकाहि सुत्न पनि पाउँदैनन् ।*

**माथि दायाँ** : *एम्नेस्टी इन्टरनेसनलले भ्रमण गरेको अध्यागमन हिरासत केन्द्रमा पर्याप्त खाना र पिउने पानीको अभाव रहेको छ ।*

यसको लागि पैसा दिने गरेका छन् 'जिम्बाबेको महिला सेलमा रहेकी एक थुनुवाले भनिन् ।

गोप्यखालका उजुरीकालागि संयन्त्रको अभाव रहेको छ । यदि आप्रवासीले ज्यादतीको बारेमा उजुरी गर्न चाहे भने उनीहरुले गार्डहरुमार्फत नै उजुरी गर्नु पर्दछ । 'गएको सातामा मैले उजुरी गरें 'एक थुनुवाले भने –'उनीहरुले मलाई थुन्ने ठाउमा लगे । त्यहाँ खानेकुरा पनि थिएन । ओढ्नलाई ब्लांकेट पनि थिएन । '

## बाहिरी संसारसँग सम्पर्कमा अवरोध

थुनुवाहरुको बाहिरी संसारसँग सम्पर्कको माध्यम भनेको टेलिफोन हो ।तर धेरैले एम्नेस्टी इन्टरनेसनललाई भनेकी उनीहरुले कहिलेकाही मात्रै फोनमा कुरा गर्न सक्छन् । केहीले भनेअनुसार फोन कल हरेकले करिब दुई मिनेट मात्रै गर्न सक्छन् । अन्यले भनेअनुसार फोन कल ज्यादै महंगो पनि रहेको छ । टेलिफोन कलमा सिमीत मात्रै पहुँच भनेको थुनुवाहरुले साथी ,परिवार र तिनीहरुको कन्सुलेट कार्यालयलाई आफूहरु थुनामा रहेको कुरा भन्न नसक्नु हो ।

## लम्बिंदो हिरासत, फर्कन ढिलाइ

हिरासत भनेको अनियमित आप्रवासीलाई घर फिर्ता पठाउने एउटा नियम पनि हो । फिर्ता पठाउने पर्खाइकाक्रममा आप्रवासीहरुलाई उनीहरुको हिरासतका बारेमा चुनौति दिने अवस्था पनि रहदैन । यो कति लामो समय सम्म लम्बिन्छ भन्ने कुरा पनि थाहा हुँदैन । ट्राभल डकुमेन्ट प्राप्तीमा ढीलाईले प्रक्रिया त्यत्तिकै लम्बिरहेको हुन्छ र एकै समयमा असंख्य मानिसहरु हिरासतमा लिइन्छ । हिरासतमा रहेका केही आप्रवासीले भनेअनुसार उनीहरु घर फर्कन चाहन्छन् तर फर्कने जहाजको टिकट उनीहरुसँगबाट नै अपेक्षा गरिन्छ । धेरै जसो हिरासतमा रहेका मानिसले जहाजको टिकट बापतको रकम तिर्न सक्दैनन् । अब के हुन्छ भन्ने थाहा नै नपाई उनीहरु हिरासतमा बस्न बाध्य हुन्छन् ।

एकजना कलिली नाइजेरियन महिलाले भनिन् – 'सहयोगकालागि हामी सबै सँगै रहेर प्रार्थना गर्दछौं किनकि हामीलाई घर जानु छ । हामी यहाँ बस्दा– बस्दा थाकिसक्यौं ।यदि तपाईले टिकट पाउनुभयो भने मात्रै उनीहरुले पासपोर्ट र ट्राभल कार्ड उपलब्ध गराउँछन् । टिकटकोलागि हामीले साथीहरुसँग कुरा गर्नुपर्दछ किनकि कोही सँग पनि पैसा हुँदैन ।' अर्को थुनुवाले भने–'व्यक्तिगत रुपमा म फर्कन चाहन्छु । म यहाँ ११ महिनादेखि रहेकी छु । किनकि मलेशियाले हामीलाई टिकट किनिदिदैन ।'

# पहिलो कदम अगाडि

अप्रील २००८मा मलेशयिामा सरकार परिवर्तन भयो । नयाँ प्रधानमन्त्रीमा नजीब रजक आउनुभयो । र, आउनासाथै उहाँले केही नयाँ तरिका अपनाउन खोज्नुभयो ।

युएनएचसिआरलाई हिरासत केन्द्रहरू आंशिकरूपमा खुला गरियो ।उनीहरूलाई अहिले त्यहाँ पस्न इजाजत रहेको छ र आश्रय खोज्नेहरूको दर्ता गर्न र उनीहरूलाई रिहा गराउने सम्मको काम गर्न सक्दछ ।मलेशिया सरकारले हिरासतकेन्द्रमा संगठनका अनुसन्धाता भ्रमण गर्न दिएको र थुनुवाको बारेमा आवाज उठाउन दिएकोमा एम्नेस्टी इन्टरनेसनल पनि उत्साहित भएको छ ।

यद्यपि केही सकारात्मक कदमहरू अघि सारिएका छन् । हिरासतगृहमा मानवअधिकारको न्यूनतम मापदण्ड पूरा नगरिएको भन्ने कुरामा चासो रहेको छ । एम्नेस्टी इन्टरनेसनल मलेशिया सरकारलाई आप्रवासी,आश्रयको खोजीमा रहेकाहरू र शरणार्थीको अधिकार पहिचान,सम्मान र प्रवर्द्धन गर्न आग्रह गर्दछ ।



**माथि** : *लेन्गोन हिरासतगृहमा सुकाइएको कपडा ।*
**कभर** : *मलेशियाको लेन्गोन हिरासतगृहमा अध्यागमन नियन्त्रणमा रहेका थुनुवा, २३ जुलाई २००९ मा ।*
*© Amnesty International*

## तत्काल कदम चाल्नुहोस्

**कृपया मलेशिया सरकारलाई लेखि पठाउनुस् । उनीहरुलाई भन्नुस् :**

- नियमित रुपमा आप्रवासी,शरणार्थी र आश्रय– खोजीकर्तालाई हिरासतमा नलिइने कुराको सुनिश्चितता गरियोस् ।
- हिरासतको मापदण्ड सान्दर्भीक अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भएको सुनिश्चितता गरियोस् । यसमा हिरासतमा रहेकाहरुलाई उचित खानेकुरा र पीउने पानी,स्वास्थ्य सेवा,प्रभावकारी र गोप्य रुपमा उजुरीको व्यवस्था गरियोस् । र, बाह्य विश्वसँग उनीहरुले सञ्चार गर्न पाउने अधिकारको सुनिश्चितता होस् ।
- अन्तिम कडीका रुपमा मात्रै केटाकेटीलाई हिरासतमा लिने र सबैभन्दा छोटो समय मात्र थुनामा राख्ने परिस्थिती सिर्जना गरियोस् ।
- युएनएचसिआरव्दारा पहिचान गरिएका आश्रयको –खोजीकर्ता र शरणार्थीहरुलाई हिरासतमा राख्ने कार्य नगरियोस् र युनिएचसिआरका प्रतिनिधिलाई अध्यागमन डिपोट र अन्य हिरासतस्थलमा कुनै अवरोध विना नै पहुँच दिइयोस् ।
- फिर्ता पठाउन नसकिने थुनुवालाई रिहा गरियोस किनकि उनीहरुको देशले उनीहरुलाई स्वीकार गर्दैन ।
- मानिसहरुलाई जबर्जस्ती धपाउने कार्य बन्द गरियोस किनकि उनीहरुको देशमा उनीहरु गंभीर मानवअधिकार उल्लंघनको घटनामा पर्न सक्छन् ।

**कृपया अपील गर्नुहोस् :**

Y.A.B. Dato' Sri Mohd. Najib Bin Tun Haji Abdul Razak
Prime Minister
Main Block, Perdana Putra Building
Federal Government Administrative Centre
62502 Putrajaya
Malaysia
Fax: +60 3 8888 3444
Salutation: Dear Prime Minister

Dato' Abdul Rahman Othman
Director General of Immigration
Headquarters of the Department of Immigration
Level 1-7 (Podium) No. 15
Persiaran Perdana, Precinct 2
62550 Putrajaya
Malaysia
Salutation: Dear Director General

AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल विश्वव्यापी अभियान हो जसका १५० भन्दा बढी मुलुक र क्षेत्रमा २८ लाख समर्थक,सदस्य र अभियन्ताहरूले गम्भीर मानवअधिकार उल्लघनको अन्त्यकालागि अभियान सञ्चालन गर्दछ ।

हाम्रो दृष्टिकोण भनेको हरेक व्यक्तिले विश्वव्यापी मानवअधिकार घोषणापत्र र अन्य मानवअधिकार मापदण्डद्धारा प्रदत्त अधिकारको उपभोग गर्न पाउनुपर्दछ भन्ने हो ।

हामी कुनै पनि सरकार राजनीतिक विचार,आर्थिक वा धार्मिक स्वार्थबाट स्वतन्त्र छौ र हाम्रो मुख्य आयश्रोत सदस्यता र सार्वजनिक अनुदान नै हो ।

April 2010
Index: ASA 28/003/2010

Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X 0DW
United Kingdom
www.amnesty.org